# बेलबारी नगरपालिका
**BELBARI MUNICIPALITY**

# नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259
021-434213


प.स. : (Letter No): २०८१।८२ (2081/82)
च.नं. :(Dispatch No:)

मितिः २०८२।०२।२८

## प्रेस विज्ञप्ति

**<u>बेतना दैनिकमा प्रकाशित भ्रामक समाचार प्रति ध्यानाकर्षण ।</u>**

मिति २०८२।०२।२६ गतेका दिन बेतना दैनिकको फेसबुक पेजमा ***"कस्ले खायो बेलबारी ३ को जोखिमयुक्त बस्ती व्यवस्थापन आयोजनाको नाममा आएको ७० लाख बजेट?"*** शीर्षकमा प्रकाशित समाचारप्रति बेलबारी नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त समाचार भ्रामक, तथ्यहीन र नियोजित ढङ्गले सार्वजनिक गरिएको पाइएको छ, जसबाट आम नागरिकमा भ्रम फैल्याइएको छ ।

हामी स्पष्ट रूपमा जनाउन चाहन्छौं कि बेलबारी– ३ मा सञ्चालित **जोखिमयुक्त बस्ती व्यवस्थापन आयोजना** पूर्णतः नियमन, पारदर्शिता र प्राविधिक मापदण्डको पालना गर्दै अगाडि बढाइएको योजना हो । यस योजना अन्तर्गत जोखिमयुक्त बस्ती व्यवस्थापन आयोजनाको नाममा आएको **रु. ७० लाख बजेट** शीर्षक नै परिवर्तन गराएर शवदाह स्थल निर्माण गरिएको भनिएकोमा सो नभई आर्थिक वर्ष २०७९/०८० मा सङ्घीय सरकार, विशेष अनुदानमा पेस गरिएको आयोजना बेलबारी नगरपालिका वडा नं. ३ को लोहन्द्रा खोलाबाट बस्ती कटान हुने तथा उक्त स्थानमा शवदाह स्थल नरहेकाले सोलाई व्यवस्थित गर्न नगरपालिकाबाट पेस गरिएको परियोजना प्रस्ताव अनुसार खोला तटबन्ध सहित बाढी नियन्त्रणका लागि भर्याङ्गयुक्त शवदाह स्थल निर्माणको आयोजना रहेको, तटबन्ध सहितको दुई वटा भर्याङ्गयुक्त शवदाह स्थल गृह निर्माणको सन्दर्भमा विद्युतीय माध्यम (e-GP) बाट ठेक्का प्रक्रिया अघि बढाई मिति २०८१।०२।०३ मा बेलबारी नगरपालिका र भास्कर कन्स्ट्रक्सन प्रा.लि. बेलबारी १० सँग रु ७०,३२,३९४.५८ /- मा सम्झौता भई मिति २०८२।०२।२० मा उक्त कार्य सम्पन्न भएको, मिति २०८१।१०।२९ मा लोहन्द्रा घाट मलामी घर निर्माणका लागि सार्वजनिक सम्पत्तीको संरक्षण, सम्बर्धन, प्रवर्धन, विकास तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ बमोजिम बनेको लोहन्द्रा गङ्गा धाम निर्माण तथा व्यवस्थापन समिति, बेलबारी ३ सँग सम्झौता गरी रु ५३,०२७.६१ को श्रम सहभागिता र बेलबारी नगरपालिकाको ५,००,०००/- गरी कुल रू. ५,५३,०२७.६१/- लगानीमा निर्माण भएको । मिति २०८१।०९।२८ गते बेलबारी नगरपालिका वडा नं. ३ को रकम रू. २,००,०००/- र रू. ७६,४८२.०५ श्रम सहभागिता गरी कुल रू. २,७६,४८२.०५ /- लागतमा लोहन्द्रा गङ्गा धाम निर्माण तथा व्यवस्थापन समिति बेलबारी ३ सँग सम्झौता भई शौचालय र स्नान गृह निर्माण सम्पन्न गरिएको । मिति २०८१।०६।२२ मा लोहन्द्रा गङ्गा धाम निर्माण तथा व्यवस्थापन समिति बेलबारी ३ सँग खानेपानी मोटर बोरिङ जडान र मोटर घर निर्माणका लागि बेलबारी नगरपालिकाबाट रकम रु ३,३५,०००/- र श्रम सहभागिता रकम रू. ३६,०६२.९६/- गरी कुल रकम रू. ३,७१,०६२.९६/- मा सम्झौता गरी निर्माण सम्पन्न गरेको जानकारी गराउन चाहन्छौं साथै लोहन्द्रा गंगा धाम निर्माण तथा व्यवस्थापन समितिको नाममा रहेको खानेपानी ग्राहक नं. ६१०२८९४ को विल रकम रु १०,३७५/- मिति २०८२।०१।०४ गते बेलबारी नगरपालिकाबाट भुक्तानी गरिएको समेत जानकारी गराउन चाहन्छौं ।

# बेलबारी नगरपालिका
**BELBARI MUNICIPALITY**
# नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259
021-434213


प.स. : (Letter No): २०८१।८२ (2081/82)
च.नं. :(Dispatch No:)

बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलबारी, मोरङ कोशी प्रदेश, नेपाल

बेतना दैनिकमा प्रकाशित भएको शवदाह स्थल निर्माणका लागि नगरपालिकाले रकम निकासा नगरेको र दाताहरूबाट रकम सङ्कलन गरी उक्त शवदाह स्थल, एउटा मोटर हाउस, खानेपानी, शौचालय, २०० जना मानिस बस्ने मलामी घर निर्माण गरिएको भन्ने समाचार कपोलकल्पित, तथ्यहीन, भ्रामक रहेको निर्मित सम्पूर्ण संरचना बेलबारी नगरपालिकाको लगानीमा निर्माण गरिएको छ । सबैको ध्यानाकर्षण रहोस् कि, उक्त समिति माथि उल्लेखित बेलबारी नगरपालिकाको ऐन अनुसार गठन भएको हुनाले सो समितिको लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

बेतना दैनिकमा प्रकाशित लोहन्द्रा गङ्गा धाम निर्माण तथा व्यवस्थापन समिति बेलबारी ३ का अध्यक्ष स्वयं प्रताप थापाले दिएको विवरण भनी प्रकाशित समाचारमा कुनै पनि प्रमाण वा सरोकारवाला पक्षसँग प्रत्यक्ष जानकारी नलिई एकपक्षीय ढङ्गले समाचार सम्प्रेषण गरिएको हुँदा सो समाचारले गलत सन्देश प्रवाह गरेको छ। हामी यस प्रकारको भ्रामक तथा अपुष्ट समाचारको खण्डन गर्दै, आम सञ्चार माध्यमहरूलाई आफ्नो आचारसंहितामा रही जिम्मेवार पत्रकारिता पेसा अपनाउन हार्दिक अनुरोध गर्दछौं। कसैलाई हवाला दिँदै राज्यको चौथो अङ्गको रूपमा रहेको पत्रकारिता क्षेत्रले तथ्यहीन भ्रामक समाचार प्रकाशन गरी पेशागत आचारसंहिता विपरीत कार्य गरेकोले यस्ता पीत पत्रकारिता गर्ने तत्त्वप्रति यस पालिका खेद प्रकट गर्दछ ।

यदि कसैलाई आयोजनासँग सम्बन्धित थप जानकारी आवश्यक भएमा, बेलबारी नगरपालिकाको कार्यालयमा आएर औपचारिक विवरण प्राप्त गर्न सकिनेछ।

हामी पारदर्शिता, जबाफदेहिता र जनताको विश्वासलाई सर्वोच्च प्राथमिकतामा राख्दै काम गर्न प्रतिबद्ध छौं। धन्यवाद।

विक्रम राई
प्रवक्ता
बेलबारी नगरपालिका, मोरङ

प्रवक्ता